Pan No.: 604296535
Regd. No.: 152986-073-074

MAIKHOLA Hydropower

# Maikhola Hydropower Limited

Kathmandu, Nepal.
Supermai Cascade Hydropower Project 3.0 MW, Ilam

च. नं. : ०८१-८२-०११

मिति २०८१/०७/०९

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
सिंहदरबार प्लाजा, काठमाडौं

**श्री नेपाल धितोपत्र बोर्ड**
खुमलटार, ललितपुर

**विद्युत नियमन आयोग**
सानो गौचरण काठमाण्डौं

**सि. डि. एस एण्ड क्लियरिङ्ग लिमिटेड**
पुतलिसडक, काठमाण्डौं

**आर.बी.बी मर्चेन्ट ली**
टेकु, काठमाण्डौं

विषय : जानकारी गराएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस माईखोला हाइड्रोपावर लिमिटेड कम्पनीको मिति २०८१/०७/०८ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व.२०८०/८१ को वार्षिक साधारण सभा मिति २०८१/०८/१४ गते (तदनुसार २९ नोभेम्बर, २०२४)गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८०/०७/२९ गते विहिबार शेयर दर्ता पुस्तिकाबन्द (Book closure) मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८१/०७/०९ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

MAIKHOLA Hydropower

कम्पनी सचिव
रितेश रजक

MAIKHOLA
Hydropower

# माई खोला हाईड्रोपावर लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ ।

फोन नं., ०१-५७०५१५९

## चौथो बार्षिक साधारण सभा सम्वन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति २०८१/०७/०९ गते

श्री शेयरधनी महानुभावहरु,

मिति २०८१/०७/०८ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम माई खोला हाईड्रोपावर लिमिटेड को साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८१/०८/१४ गते शुक्रबार (तदनुसार नोभेम्बर २९, २०२४)

स्थान : स्मार्ट दरवार, शंखपार्क काठमाण्डौ ।

समय : विहान ११:०० बजे ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्वन्धमा ।

(३) आ.व. २०८१/०८२ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सम्वन्धमा ।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको प्रवन्ध पत्र, नियमावलीमा संशोधन गर्ने सम्वन्धमा ।

(२) प्रस्तावित संसोधन तथा धितोपत्र दर्ता तथा निश्कासन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन प्राप्त भएमा सो लाई सम्बोधनका लागि आवश्यक संसोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्वन्धमा ।

(३) अन्य कम्पनीमा लगानी गर्ने सम्वन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१ साधारण सभालाई ध्यानमा राखी मिति २०८१/०७/२९ गते बिहिबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ । मिति २०८१/०७/२८ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई प्रचलित कानुन बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन तथा छलफल गर्न पाउनेछन् ।

२ वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

३ शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान १०:३० बजे देखि खुल्ला रहनेछ ।

४ वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५ एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

६ प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ ।

७ साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**

MAIKHOLA
Hydropower